नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३५३

मितिः- २०८०/११/०८

श्री स्थानीय तहहरु (सबै),

विषय :- सडक दुर्घटना न्यूनीकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. १३७६ मिति २०८०/११/०३ को सडक दुर्घटना न्यूनीकरण पत्रको सन्दर्भमा दैनिक जसो भईरहेका सडक दुर्घटनाबाट जनधनको ठूलो क्षति भएको र यसले सुरक्षा व्यवस्थापनमा समेत चुनौति सिर्जना गरेको साथै यस बिषयलाई सुरक्षा संवेदनशिलताको दृष्टिवाट गम्भिरतापूर्वक लिई मिति २०८०/११/०३ मा गृहमन्त्रालय (सचिवस्तर) को निर्णयानुसार आवश्यक निर्देशन तथा समन्वयको लागि यस मन्त्रलयमा लेखिआएको हुदा आवश्यक कार्यार्थ उक्त पत्रको छायाँकपि १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

११।०८

(आयुषी भट्टराई)

शाखा अधिकृत

**बोधार्थ :**

श्री गृह मन्त्रालय,

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा ।

श्री सूचना प्रबिधि शाखा, Website मा सूचना Upload गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः- 

प्राप्त पत्र संख्याः- शा.सु.मु.नि:८०/०८१/०८

च.नं.:- ९३८६

**अत्यन्त जरुरी**

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८०/११/०३

नेपाल संवत् ११४४ सिलाथ्व १

विषयः सडक दुर्घटना न्यूनीकरण सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत बिषयमा दैनिक जसो भइरहेका सडक दुर्घटनाबाट जनधनको ठूलो क्षति भएको र यसले सुरक्षा व्यवस्थापनमा समेत चुनौती सिर्जना गरेको सन्दर्भमा यस विषयलाई सुरक्षा संवेदनशीलताको दृष्टिबाट गम्भिरतापूर्वक लिई आ-आफ्नो क्षेत्रमा देहाय अनुसार गर्नु गराउनु हुन मिति २०८०/११/०३ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१. सडक सुरक्षा दृष्टिकोणबाट जिल्लाभित्र रहेका सडक सञ्जालको वर्गिकरण गर्ने, जोखिम क्षेत्र पहिचान गर्ने, ट्रयाक मात्र खुला भएको, कच्ची तथा सवारी साधन चलाउन उपयुक्त नभएका सडकमा सार्वजनिक/ठुला सवारी साधन सञ्चालन सम्बन्धमा स्थानीयस्तरमा समन्वय गरी आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने।

२. सडक सुरक्षा र दुर्घटना न्यूनीकरण कार्यलाई प्रभावकारिता दिन जिल्ला सुरक्षा समितिले पहलकदमी लिई स्थानीय तहका प्रमुखहरु, यातायात तथा सडक प्रशासनसँग सम्बन्धित पदाधिकारी, यातायात सेवा प्रदायक, सवारी चालक, मजदुर, ट्राफिक व्यवस्थापन, निजी क्षेत्र तथा आमसञ्चारको सहभागितामा न्यूनतम त्रैमासिक रुपमा बैठक बसी दुर्घटना न्यूनीकरणका लागि गर्नुपर्ने कार्यहरु समन्वयात्मक रुपमा गर्ने गराउने ।

३. सवारी साधनको प्राविधिक उपयुक्तता परीक्षणका सम्बन्धमा यातायात कार्यालय, सडकको अवस्था सुधार तथा दुर्घटना जोखिम न्यूनीकरणको लागि सडक विभाग, स्थानीय तह तथा सम्बन्धित आयोजनासँग नियमित रुपमा समन्वय गरी आवश्यक कार्यहरु गर्ने गराउने। सवारी चालकको लापरवाही न्यूनीकरणको लागि प्रहरी चेकजाँच, निरीक्षण, अनुशिक्षण लगायतका कार्यहरु भइरहेको/नरहेको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुखले स्वयं निगरानी गर्ने गराउने । क्षमताभन्दा अधिक यात्रु परिवहन, तीव्र गतिमा सवारी चलाउने लगायतका विषयहरु विशेष निगरानी र नियमन गर्ने ।

४. दुर्घटना न्यूनीकरणको लागि अन्य सिर्जनात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न गराउन समन्वय गर्ने ।

५. सडक दूर्घटना न्यूनीकरण सम्बन्धमा ताहाँबाट सम्पादन भएका कार्यहरुको त्रैमासिक प्रगति गृह मन्त्रालय तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा लिखित रुपमा गर्ने।

२०८०/११/०३

(दिनेश न्यौपाने)
शाखा अधिकृत

बोधार्थः
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार।
श्री संघीया मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं
} आवश्यक निर्देशन तथा समन्वयको लागि।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं. ८२६
मितिः २०८०/११/०६